# सहभागी संस्थाद्धारा प्यूठान जिल्लाको गौमुखि गाँउपालिकामा संचालित दिगो घरबारी बगैचा पहल कार्यक्रम (**सीप परियोजना**) अन्तरगत आयोजना गरिएका मुख्य मुख्य तालिमहरु

## १.स्थानिय स्रोत ब्यक्तिहरुका लागी क्षमता अभिबृद्दि तालिम सम्पन्न

सहभागी सस्थाबाट प्यूठानको गौमुखी गा.पाको ७ वटा वडामा सन्चालित दिगो घरबारी बगैचा पहल कार्यक्रमका स्थानिय स्रोत ब्यक्तिहरुका लागि ५ दिने क्षमता अभिबृद्दि तालिम सम्पन्न भएको छ । तालिमलाई प्रभाबकारी रुपमा संचालन गर्नको लागि २ चरणमा गरिएको थियो पहिलो चरणको तालिम २०८२ साल साउनको १३ गते देखि १५ गत सम्म फिल्ड अफिसमा संचालन थियो भने दोस्रो चरणको २ दिने तालिम असोज २५-२६ सम्म सन्चालन गरि सम्पन्न भएको छ । तालिममा १२ जना स्थानिय स्रोत ब्यक्तिहरु र ४ जना दिगो घरबारी बगैचा स्थापना गरेका कृषकहरु गरि कुल १५ जना सहभागी भएका थिए । दोस्रोचरणको दोस्रो दिन गौमुखी गा.पाको वडा न. ५ को खुड. भन्ने गाउँमा दिगो घरबारी बगैचा स्थापना गरेकै ठाउँमा तालिम सन्चालन गर्दै बिभिन्न प्रबिधिको अभ्यास गराइएको थियो । तालिमको अन्तमा यहाका ८ जना सेवाग्राहि कृषकहरुका घरबारी बगैचा प्लटमा ४/४ जनाको समूह गएर अवलोकन र अन्तरक्रिया गरि पुन एक ठाउमा सबै सहभागी बसेर समिक्षा गरि कार्यक्रम सम्पन्न गरिएको थियो ।



तलिमको समग्र रुपमा फिल्डमा अभ्यास गराए सगै तपशिलका बिषयबस्तुहरुमा पनि स्थानिय स्रोत ब्यक्तिहरुको क्षमता बिकास गरिएको थियो ।

१. स्थानीय स्रोत व्यक्तिहरू को जिम्मेवारी, परिवर्तनबाा सम्वाहक तथा नेतृत्व भूमिका

२. कृषिमा सूचना र सञ्चारको भूमिका साथै जलवायु परिवर्तन र यसको स्थानीय कृषिमाप्रभाब

३. कृषिमा डिजिटल उपकरणहरूको प्रयोग साथै जिओ कृषि एप परिचय

४. दिगो र अर्ध-व्यावसायिक कृषि
५. पशुपालन र बाली प्रणली एकीकरणा महत्व र फाइदाका साथै माटो, पोषण, किरा र पानी व्यवस्थापन
६. समूह निर्माण प्रक्रिया, भूमिका र समूहभित्रको नेतृत्व
७. कृषि बजार बुझ्ने र बजार रणनीतिहरू
८. अभिलेख व्यवस्थापन लागत, आम्दानी, उत्पादन, बिक्री र खपत साथै लाभ-लागत अनुपात
९. संस्थागत समन्वय र स्थानीय शासन

## २.अगुवा कृषकका लागि ५ दिने अर्ध ब्यावसायीक तरकारी खेती तालिम

सहभागी सस्थाबाट प्यूठानको गौमुखी गा.पाको ७ वटा वडामा सन्चालित दिगो घरबारी बगैचा पहल कार्यक्रमका अगुवा कृषकहरुका लागि ५ दिने अर्ध ब्यवसायिक तरकारी खेती तालिम सम्पन्न गरिएको थियो । तालिमलाई प्रभाबकारी रुपमा संचालन गर्नको लागि २ चरणमा गरिएको थियो पहिलो चरणको तालिम २०८२ साल भदौको ४ गते देखि ६ गते सम्म गौमुखि गाउँपालिकाको सभाहलमा संचालन थियो भने दोस्रो चरणको २ दिने तालिम असोज २५-२६ सम्म सन्चालन गरि सम्पन्न भएको छ । दोस्रो चरणमा अगुवा कृषकहरुलाइ गौमुखी गा.पा-४ पुजाको गाउँफाटामा अगुवा कृषक मनिषा न्यौपानेको घरबारी बगैचामा बिभिन्न बिधि प्रबिधि अपनाएर तरकारी नर्सरी,बीउ रोपण र बिरुवा रोपण अभ्यास गराउने काम गरियो । कृषकहरुलाइ कृषक घरखेत अवलोकन गराउनका लागि यहाँ स्थित एल.आर.पी मोहन गिरीले सेवा प्रबाह गरि स्थापना गरिएका १२ वटा घरबारी बगैचा अवलोकन गरि कृर्षकहरु विच अन्तरक्रिया गरेर तालिम समापन गरिएको थियो । तालिममा ७ वडाबाट कुल २५ जना कृर्षकहरु सहभागी भएका थिए ।



**तालिममा तपशिलका ब्यक्तिहरुले सहजीकरण गर्नुभएको थियो ।**

१. रामकृष्ण घिमिरे - कृषि विज्ञ सहभागी साधारण सदस्य
२. निसान खत्रि - फिल्ड कोडिनटर सहभागी फिल्ड अफिस प्यूठान
३. कश्यप पुरी - सामाजिक परिचालक, सहभागी फिल्ड अफिस प्यूठान
४. गेहेन्द्र यादव - कृषि विज्ञ , गौमुखि गाउँपालिका कृषि शाखा
५. भिमलाल शर्मा - भेटेनरी टेक्नीसियन, गौमुखि गाउँपालिका पशु शाखा

तालिमको समग्र रुपमा फिल्डमा अभ्यास गराए सगै तपशिलका बिषयबस्तुहरुमा पनि अगुवा कृषकहरुको क्षमता बिकास गरिएको थियो ।

१. दिगो घरबारी बगैचा तथा अर्ध-व्यावसायिक खेतीका अवधारणा,डिजाइन र यसको महत्व
२. नर्सरी बेर्ना तयारी, बिरुवा हेरचाह र रोपाइँ तथा अफ सिजन तरकारी उत्पादन प्रबिधि र संरक्षित खती
३. जैविक खेती र यसको महत्व का साथै झोलमोल (जैविक मल तथा जैविक विषादी) तयारी
४. एकीकृत पोषण व्यवस्थापन , पशुपालन एकीकरण : पोषण चक्र, मलको प्रयोग र आम्दानी विविधीकरण
५. जलवायु, मौसम परिवर्तन र कृषि क्षेत्रका डिजिटल उपकरणहरू एंव कृषि बजार र बजार रणनीतिहरू
६. मूल्य निर्धारण र योजना बनाउन बजार जानकारीको महत्वका साथै बालीहरूको आर्थिक विश्लेषण
७. कृषि बीमा, बाली पात्रो र अर्ध-व्यावसायिक खेतीका लागि खेत रेकडहरूको महत्व
८. लाभ-लागत अनुपात र वित्तीय प्रदर्शन समीक्षा
९. फलफूलको खेती अभ्यास र व्यवस्थापन - केरा, किवी , अम्बा
१०. तरकारीहरूको खेती अभ्यास र व्यवस्थापन- गोलभेंडा,काउली, बन्दाकोपी, ब्रोकोली, केराउ आदी बिषयहरुमा सहजीकरण गरिएको थियो ।

## ३. तरकारी वीउ उत्पादन र ब्यवस्थापन र पोष्ट हारभेष्ट तालिम सम्पन्न

सहभागी संस्था फिल्ड अफिसद्धारा प्युठानको गौमुखी गाउँपालिकामा सन्चालित दिगो घरबारी बगैचा पहल कार्यक्रम अन्तरगत वडा नं १,२ र ३ रजवारा, सवरा र अर्खाका २० जना कृर्षकहरुका लागि माघ १२-१५,२०८२ सम्म ३ दिने तालिम सन्चालन गरिएको थियो । संस्थाका कृषि बिज्ञ रामकृष्ण घिमिरे, फिल्ड कोओडिनेटर निशान खत्री र सामाजिक परिचालक कश्याप पुरीबाट तालिम सन्चालन एंव सहजीकरण गरिएको थियो । तालिमको प्रमुख उद्देश्य स्थानिय स्तरमा वीउ उत्पादन शिप दिएर कृर्षकहरुलाइ आत्मनिर्भर गराउनु र

उत्पादित वीउ बिभिन्न एग्रोभेट तथा वीउ कम्पनीहरु सगं सम्झौता र बिक्री गरि कृर्षकहरुको आम्दानीमा बृद्दि गर्नु रहेको छ । तालिमकै सिलसिलामा कृषकलाइ ब्याबहारिक ज्ञानका लागि कृर्षकहरुको घरदैलोमा लगि अभ्यास गराइएको थियो ।




त्यसै गरि माघ १६-१८,२०८२ सम्म पोष्ट हारभेष्ट तालिम सन्चालन गरिएको थियो । जस अन्तरगत वडा नं ५ को खुङ्ग. र ७ को नारीकोटका २५ जना सेवाग्राही कृर्षकहरु सहभागी हुनु भएको छ । तालिमको प्रमुख उद्देश्य तरकारी र फलफूल खेतिमा उत्पादन र उत्पादन पश्चातको समयमा हुने नोक्सानीलाई बचाउने र भण्डारण गर्ने शिप,जाम जेली,चिप्स,बिभिन्न प्रकारका अचार,सिन्की,गुन्द्रुक बनाउने शिप सिकाएर घरमा उपयोग गर्दै बजारीकरण गरि आम्दानी गर्ने ज्ञान सिकाउने रहेको थियो ।